**भर्मोन्ट राज्य**

**उच्च अदालत** **फौजदारी महाशाखा**

**एकाइ** **मुद्दा नं.**____________________

**भर्मोन्ट राज्य विरुद्ध** ______________________________ **जन्म मितिः**____________________

प्रतिवादीको ठेगाना: ______________________________________________________________

## थप तारेखबाट छुट र निवेदन दर्ता गर्न अनुरोध

म, माथिको नाम गरेको प्रतिवादीलाई ____________________________ को कसुर(हरू) को आरोप लगाइएको छ, जुन भर्मोन्ट राज्यको कानुनअन्तर्गत दुराचार(हरू) मानिन्छ । यो/यी अपराध(हरू) का लागि अधिकतम सम्भावित दण्ड ____________________________ हुन्छ भन्ने कुरा मैले बुझेको छु ।

अनिवार्य न्यूनतम जरिवाना यति हो भन्ने कुरा मैले बुझेको छु:

☐ ____________________________

☐ लागू नहुने

(यदि आरोप परिमार्जन भएको छ भने)
मैले यसमा समावेश आरोप (हरू) का लागि न्यूनतम र अधिकतम सम्भावित जरिवानासहित संशोधित जानकारीको प्रतिलिपि प्राप्त गरेको छु । म आफूमाथि लागेका आरोप(हरू) र सजायका साथै त्यस्ता सुनुवाइसँग सम्बन्धित अन्य अधिकारहरू मलाई पढेर सुनाइने सुनुवाइको अधिकार त्याग्छु ।

अदालतले यदि आवश्यक परेमा, पीडितलाई क्षतिपूर्ति दिन आदेश दिन सक्छ भन्ने कुरा मैले बुझेको छु ।

म विरुद्धको आरोप प्रमाणित गर्नका लागि, राज्यले कुनै पनि यथोचित शङ्काभन्दा बाहिर निम्न आवश्यक तत्वहरू प्रमाणित गर्नुपर्छ भन्ने कुरा मैले बुझेको छु:

______________________________________________________________________________
______________________________________________________________________________
______________________________________________________________________________
______________________________________________________________________________
______________________________________________________________________________

मसँग मेरो आफ्नै खर्चमा वकिलमार्फत प्रतिनिधित्व गरिपाउने अधिकार छ र यदि मैले वकिलको खर्च बेहोर्न नसक्ने भएमा राज्यको खर्चमा एक जना वकिल नियुक्त गराइपाउने अधिकार पनि मसँग रहेको कुरा मैले बुझेको छु ।

☐ मैले आफूलाई कुनै वकिलमार्फत प्रतिनिधित्व गराइरहेको छैन र कुनै वकिलमार्फत प्रतिनिधित्व गराउन चाहन्नँ ।

☐ मैले __________________________ नाम गरेका वकिलमार्फत आफ्नो प्रतिनिधित्व गराइरहेको छु, म आफ्नो वकिलको परामर्श र प्रतिनिधित्वबाट सन्तुष्ट छु ।

फौजदारी मुद्दामा प्रतिवादीको हैसियतले मसँग निश्चित संवैधानिक र कानुनसम्मत अधिकारहरू छन् भन्ने कुरा मैले बुझेको छु । मैले माथिका कसुरमा दोषी नभएको जिकिर गरिराख्न पाउँछु र मलाई यथोचित शङ्काभन्दा बाहिर दोषी प्रमाणित गर्ने भार राज्यसँग रहेको कुरा मैले बुझेको छु । कसुर स्वीकार गरेर वा नोलो कन्टेन्डेर (कुनै दावा नगरी कसुर स्वीकार गरेर) मैले निम्न अधिकारहरू त्यागेको छु र अदालतले मैले आफू दोषी नभएको जिकिर गरिराखेको, मुद्दा गरेको र इजलासद्वारा दोषी ठहर गरिएको अवस्थामा सरह सजाय दिन सक्छ भन्ने कुरा मैले बुझेको छु:

क. इजलास समक्ष सुनुवाइको अधिकार;

ख. म विरुद्ध बयान दिने कुनै पनि साक्षीलाई प्रश्न गर्ने अधिकार;

ग. सरकारी खर्चमा मेरा लागि अदालतमा प्रमाण पेस गर्ने र साक्षीहरू उपस्थित गराउने अधिकार;

घ. मलाई अभियोग लगाइएको कसुरको सम्बन्धमा मौन बस्ने अधिकार;

ङ. पुनरावेदन गर्ने अधिकार ।

मलाई आफू दोषी भएको स्वीकार गराउने वा नोलो कन्टेन्डेर (कुनै दावा नगरी कसुर स्वीकार गराउने) प्रयासमा कसैबाट म विरुद्ध कुनै धम्की वा बल प्रयोग गरिएको छैन । म आफ्नै निर्णयमा स्वतन्त्रतापूर्वक र स्वैच्छिक रूपमा आफू दोषी भएको वा नोलो कन्टेन्डेर भएको (कुनै दावा नगरी दोषी भएको) स्वीकार गर्दछु । संलग्न जिकिर सम्झौताको सूचनामा समावेश भएका बाहेक राज्यको तर्फबाट मलाई कसैले कुनै प्रतिज्ञा गरेको छैन । म दोषी भएको जिकिरको पछाडि सम्भावित कारणको बकपत्रद्वारा समर्थित, तथ्यपरक आधार छ भन्ने कुरामा र निम्न तथ्यहरू सत्य र साँचो भएको कुरामा म सहमत छु:

________________________________________________________________________________________

________________________________________________________________________________________

________________________________________________________________________________________

________________________________________________________________________________________

________________________________________________________________________________________

मैले के बुझेको छु भने दोषी भएको स्वीकार गरेर मैले आफूलाई आरोप लगाइएको कसुर (हरू) को उल्लेख्य अंश गरेको कुरा म स्वीकार गर्दछु । म बुझ्छु कि नोलो कन्टेन्डेरको निवेदन (कुनै दावा नगरी दोष स्वीकार) गरेर मैले आरोप (हरू) को उल्लेख्य अंशहरू कसुर गरेको अस्वीकार गर्दिनँ । मैले थप के बुझेको छु भने भर्मोन्ट विधान (टिप्पणी सहित) को शीर्षक 23 को उल्लङ्घनका लागि दोष स्वीकार वा नोलो कन्टेन्डेर (कुनै दावा नगरी दोष स्वीकार) गर्नाले **भर्मोन्ट राज्यमा सवारी साधन चलाउने मेरो इजाजतपत्र वा चलाउने सुविधा निलम्बन हुन सक्ने छ ।** दोष स्वीकार वा नोलो कन्टेन्डेर (कुनै दावा नगरी दोष स्वीकार) गर्नाले निश्चित अतिरिक्त परिणामहरू आउन सक्छन् भन्ने कुरा मैले बुझेको छु । मैले संलग्न जिकिर सम्झौताको पछिल्लो पृष्ठमा दिइएको अभियोग प्रमाणित हुनुका सम्भावित अतिरिक्त परिणामहरूसम्बन्धी सूचनाको समीक्षा गरेको छु । **यदि म अमेरिकी नागरिक होइन भने, दोष स्वीकार वा नोलो कन्टेन्डेर (कुनै दावा नगरी दोष स्वीकार) गर्नाले देश निकाला गर्न, अमेरिकाको नागरिकता दिन अस्वीकार गर्न वा अमेरिकामा पुनः प्रवेशमा प्रतिबन्ध लगाउन सकिने छ भन्ने कुरा पनि मैले बुझेको छु ।**

म यसैसाथ माथि सूचीबद्ध आरोप(हरू) को सम्बन्धमा आफू ☐ दोषी भएको ☐ नोलो कन्टेन्डेर स्वीकार गरेको बेहोरा अदालत समक्ष अनुरोध गर्दछु ।
यो
निवेदन गरेर, म V.R.Cr.P. 32 बमोजिमका मेरा कानुनसम्मत अधिकारहरू त्याग्छु र म आफ्नो तर्फबाट बयान दिन वा सजायसँग सान्दर्भिक कुनै विवरण प्रस्तुत गर्न वा मेरो तर्फबाट आफ्नो वकिललाई बहस गराउन चाहन्नँ । मेरो मुद्दामा कुनै सजाय निर्धारण पूर्व अनुसन्धान रिपोर्ट गरिएको छैन ।

☐ म यसैसाथ माथि सूचीबद्ध आरोप(हरू) मा मेरो जिकिर स्वीकार गर्न र जरिवाना र अधिभारबापत $ __________ को रकम भराइपाउन अदालत समक्ष अनुरोध गर्दछु र म यो रकम तिर्न सहमत छु । यदि मैले यो रकम पूरै भुक्तान गरिनँ भने कुनै पनि बक्यौता रकम सङ्कलन गर्न सिफारिस गरिने छ भन्ने मैले कुरा बुझेको छु । मैले अदालतले लगाएको जरिवाना, साथै प्रचलित अनिवार्य अतिरिक्त अदालती शुल्कहरूको भुक्तानी बापत भर्मोन्टको उच्च अदालतलाई भुक्तान हुने गरी चेक वा मनी अर्डरमा $__________ संलग्न गरेको छु

☐ म यसैद्वारा माथि सूचीबद्ध आरोप(हरू) मा मेरो जिकिर स्वीकार गर्न र पूर्व-स्वीकृत फर्लो (अनुपस्थित) कार्य दलमा सेवा गर्नका लागि __________ देखि __________ दिनसम्मका लागि सेन्टेन्सिङ मिटिमस (कारागारमा राख्ने अदालतको आदेश) जारी गर्न अदालतलाई अनुरोध गर्दछु । पूर्व-स्वीकृत कार्य दलमा सेवा गर्नुपर्ने यो सजाय पूरा गर्न असफल भएमा मैले मेरो बाँकी सजाय जेलमा बसेर कटाउनुपर्ने कुरा मैले बुझेको छु । मैले दोष स्वीकार वा नोलो कन्टेन्डेर गरेका प्रत्येक आरोपका लागि अदालतले अनिवार्य अतिरिक्त अदालती शुल्क पनि लगाउने छ भन्ने कुरा मैले बुझेको छु । म यो सजायको समय तय गर्न __________ को __________ ☐ पूर्वान्ह ☐ अपरान्हभन्दा अगाडि प्रोबेसन र प्यारोलमा उपस्थित हुन सहमत छु ।

☐ म यसैद्वारा माथि सूचीबद्ध आरोप(हरू) मा मेरो जिकिर स्वीकार गर्न र संलग्न जिकिर सम्झौताको सूचना र संलग्न प्रोबेसन आदेशमा उल्लिखित सजाय(हरू) लागू गर्न प्रोबेसन आदेश जारी गर्न अदालतलाई आग्रह गर्दछु । मैले प्रोबेसनका सबै लागू हुने मानक र विशेष सर्तहरू राम्रोसँग पढेको छु र म मैले त्यस कागजातमा हस्ताक्षर गरेको आधारमा ती लागू हुने सर्तहरूमा सहमत छु । दोष स्वीकार वा नोलो कन्टेन्डेर गरेका प्रत्येक आरोपका लागि अदालतले अनिवार्य अतिरिक्त अदालती शुल्क पनि लगाउने छ भन्ने कुरा मैले बुझेको छु । प्रोबेसनका क्रममा मैले लागू हुने प्रोबेसनका मानक तथा विशेष सर्तहरूको पालना नगरेका खण्डमा अदालतले

संलग्न जिकिर सम्झौताको सूचना र संलग्न प्रोबेसन आदेशमा उल्लिखित अन्तर्निहित सजायसम्म दिलाउन सक्छ भन्ने कुरा मैले बुझेको छु । म मेरा प्रोबेसन अधिकारीलाई भेट्न ____________ को ____________ ☐ पूर्वाह्न ☐ अपराह्नभन्दा अगाडि प्रोबेसन र प्यारोलमा उपस्थित हुन सहमत छु ।

☐ म यसैद्वारा माथि सूचीबद्ध आरोप(हरू)मा मेरो जिकिर स्वीकार गर्न र संलग्न जिकिर सम्झौताको सूचना र संलग्न स्थगित प्रोबेसन आदेशमा उल्लेख गरिएबमोजिम सजाय कार्यान्वयन गर्न ________________ महिना/वर्षका लागि स्थगित गरी स्थगित प्रोबेसन आदेश जारी गर्न अदालतलाई आग्रह गर्दछु । मैले प्रोबेसनका सबै लागू हुने मानक र विशेष सर्तहरूको अध्ययन गरेको छु, त्यस कागजातमा मेरो हस्ताक्षरको आधारमा, ती लागू हुने सर्तहरूमा सहमत छु । मेरो सजाय स्थगित भएको अवधिमा यदि मैले यस सम्झौताका सर्तहरूको पालना नगरेमा, अदालतले माथि उल्लिखित अधिकतम दण्ड र कुनै पनि प्रचलित अनिवार्य न्यूनतम सजाय (हरू) र अदालतको अतिरिक्त शुल्क लगाउन सक्ने छ भन्ने कुरा मैले बुझेको छु । म मेरा प्रोबेसन अधिकारीलाई भेट्न ____________ को ____________ ☐ पूर्वाह्न ☐ अपराह्नभन्दा अगाडि प्रोबेसन र प्यारोलमा उपस्थित हुन सहमत छु ।

म अदालतमा व्यक्तिगत रूपमा उपस्थित हुँदा मेरा लागि निम्न कठिनाइहरू हुने भएकाले मेरो जिकिर लिखित रूपमा स्वीकार गर्न अदालत समक्ष अनुरोध गर्दछु:

______________________________________________

______________________________________________

______________________________________________

**मिति**

______________________________

**प्रतिवादीको हस्ताक्षर**

______________________________

**अदालतद्वारा तोकिएका कानुनी अभिभावकको हस्ताक्षर**
*(यदि प्रतिवादी 18 वर्षभन्दा कम उमेरको भएमा)*

______________________________

**प्रतिवादीको अधिवक्ताको हस्ताक्षर**

राज्यले छूटसहित जिकिरमा सहमति जनाउँछ र भर्मोन्ट विधान (टिप्पणी सहित) को शीर्षक 13 को धारा 5321 अनुसार, भर्मोन्ट राज्यले निम्न कुराहरू स्पष्ट पार्दछ:

☐ यसमा पीडित व्यक्ति कोही छैन ।

☐ पीडित(हरू)लाई प्रतिवादीको जिकिरमा भएको परिवर्तन र कसुर, सजाय पाएको व्यक्ति र क्षतिपूर्तिको आवश्यकताको सम्बन्धमा यथोचित रूपमा आफ्नो विचार व्यक्त गर्न व्यक्तिगत रूपमा उपस्थित हुने उनीहरूको अधिकारको बारेमा अग्रिम सूचना दिइएको छ । पीडित (हरू) उपस्थित छैनन् र मौखिक वा लिखित रूपमा, सजाय वा सजाय स्थगित गर्ने प्रस्तावका सम्बन्धमा कुनै विचार व्यक्त गरेका छैनन् ।

**मिति**

______________________________

**राज्यका अधिवक्ताको हस्ताक्षर**

**आदेश**

☐ मैले प्रतिवादीको व्यक्तिगत उपस्थितिले गर्दा कठिनाई हुने निष्कर्ष निकालेको छु र यो प्रतिवादीको उपस्थितिका करण हुने कुनै पनि लाभभन्दा बढी हुने छ र यसैले माथि सूचीबद्ध आरोपहरूमा प्रतिवादीको जिकिर स्वीकार गर्दछु र यसलाई स्वैच्छिक र संवैधानिक अधिकारहरू त्यागिसकेपछि यसका नतिजाहरूको ज्ञान र बुझाइका साथ सो जिकिर गरिएको हो भन्ने कुरा बुझेको छु । जिकिरमा तथ्यगत आधार छ । म प्रतिवादीलाई दोषी ठहऱ्याउँछु र दोषीको फैसला प्रविष्ट गर्छु ।

☐ म माथि सूचीबद्ध आरोप(हरू)मा प्रतिवादीको छुट सहित जिकिर स्वीकार गर्दिनँ ।

**मिति**

______________________________

**न्यायाधीशको हस्ताक्षर**